# माता-पिताको रूपमा तपाईंका अधिकार

IDEA 2004

Gwinnett County Public Schools
विशेष शिक्षा र मनोवैज्ञानिक सेवा

Dr. Nicole White
कार्यकारी निर्देशक
अगस 2024

प्रमूल गुरुहरू


GCPS प्रमूल गुरुहरू ग्विंनेट काउन्टी स्कूल जिल्ला मा पेशेवर स्टाफ सदस्य हुन्। प्रमूल गुरुहरू अपाङ्गता भएका विद्यार्थीहरूका लागि अधिक सफलता र राम्रो नतिजा सिर्जना गर्ने प्रयासमा माता-पिता, प्रशासक, शिक्षक र समुदायबीच पुल निर्माण गर्ने काम गर्छन्। प्रमूल गुरुहरू परिवारहरूलाई समाधान खोज्न र सकारात्मक नतिजाहरू प्रवर्धन गर्ने तरिकामा आफ्नो बच्चाको स्कूलसँग सहयोग गर्न सिक्न यहाँ छन्। माता वा पिता दुवै जना असक्त बच्चाका माता-पिता हुन् । प्रमूल गुरुहरू असक्षमता भएको बच्चाको आमाबुवा हुनुहुन्छ र परिवारहरू भएको यात्राबारे बुझ्नुहुन्छ। प्रमूल गुरुहरू कार्यक्रम वा विशेष शिक्षा संग सम्बन्धित प्रश्नहरूको बारेमा जानकारीको लागि कृपया सम्पर्क गर्नुहोस्:

Dawn Albanese , प्रमूल गुरुहरू
Dawn.Albanese@gcpsk12.org
678-301-7212

ग्विंनेटसँग जर्जिया अभिभावक संरक्षक साझेदारी (GaPMP) सँग साझेदारी छ। GaPMP को उद्देश्य भनेको सञ्चार बढाउनु र असक्षमता भएका विद्यार्थीहरूका लागि अन्ततः अधिक सफलता हुन सक्ने परिवार, शिक्षक र समुदायहरूमा सहकार्य गर्नु र परिवार संलग्नता बढाउनु हो।

**अभिभावक टुलकिट**

विशेष आवश्यकताहरू भएका बालबालिकाको परिवारहरूका लागि अतिरिक्त संसाधन अभिभावक टुलकिट हो। तल तपाईंले टुलकिट पहुँच गर्न QR कोड पाउनु हुने छ।




Scan this QR code to access the toolkit electronically:

Skenirajte ovaj QR kod da elektronski pristupite priručniku:

扫描此二维码，获取电子版工具包：

이 QR 코드를 스캔하여 툴킷에 전자적으로 접속하세요.

Escanee este código QR para acceder a esta guía de manera electrónica:

Scan mã QR này để truy cập bộ công cụ trợ giúp qua mạng trực tuyến:

**माता-पिताको रूपमा** तपाईंका **अधिकार** - **विशेष शिक्षा सम्बन्धमा**

केन्द्रीय सरकार नियमावाली ऐन 34 (C.F.R.) को दफा 300 र त्यसपछिका दफाहरूमा निहित अपाङ्गता भएका व्यक्तिहरूको शिक्षासम्बन्धी ऐन (इन्डिभिजुअल्स विथ डिसअबिलिटिज एजुकेसन ऐक्ट -IDEA) अपाङ्गता भएका विद्यार्थीको शिक्षासँग सम्बन्धित केन्द्रीय स्तरको कानून हो, जसले अपाङ्गता भएका विद्यार्थीका माता-पितालाई विद्यालयहरूले IDEA र शिक्षा नियमनसम्बन्धी संयुक्त राज्य विभाग (यू.एस. डिपार्टमेन्ट अफ एजुकेशन रेगुलेशन) अन्तर्गत प्राप्त हुने कार्यविधिगत सुरक्षासम्बन्धी सम्पूर्ण विवरण भएको जानकारीमूलक सामग्री प्रदान गर्नुपर्ने अपेक्षा राख्छ ।

**यस दस्तावेजमा प्रयोग गरिएका पारिभाषिक शब्द**

स्थानीय शैक्षिक निकाय (लोकल एजुकेशनल एजेन्सी- LEA), "सार्वजनिक निकाय (पब्लिक एजेन्सी)," "निकाय (एजेन्सी)," "स्थानीय प्रणाली" (लोकल सिस्टम), वा "प्रणाली" (सिस्टम) भन्नाले सेवायोग्य विद्यार्थीलाई विशेष शिक्षा र सम्बन्धित सेवा प्रदान गर्ने सार्वजनिक गैरनाफामूखी चार्टर विद्यालयहरु लगायतका जर्जिया राज्यले तोकेका विद्यालय प्रणालीलाई जनाउँछ ।

"माता-पिता" भन्नाले IDEA मा उल्लेख भएको माता-पिताको बृहत् परिभाषालाई जनाउँछ, जसमा जन्म दिने वा धर्म माता-पिता, पालनपोषण गर्ने व्यक्ति, बच्चालाई शिक्षासम्बन्धी निर्णय लिने अधिकार पाएका अभिभावक, जन्म दिने वा कानूनी माता-पितासरह कार्यरत व्यक्ति (बाजे/बज्यै, सौतेनी माता-पिता वा अन्य नातेदारसमेत) जोसँग बालबालिका बसोबास गर्छन्, बालबालिकाको हितका लागि कानूनी रूपमा जिम्मेवार व्यक्ति, अथवा नियुक्त गरिएको व्यक्ति पर्छन् । (34 C.F.R. दफा 300.30)

यस जानकारीमूलक साग्रीको एक प्रति प्रत्येक शैक्षिक वर्षमा एकपटक माता-पितालाई उपलब्ध गराउनु पर्छ, त्यो बाहेक एक प्रति पनि माता-पितालाई उपलब्ध गराउनु पर्दछः (1) सम्बन्धित विद्यार्थी अपाङ्गता भएको विद्यार्थी हो कि हैन भनी निर्धारित गर्न मूल्याङ्कनका लागि प्रारम्भिक सिफारिश गरिएको वा माता-पिताले उक्त कार्यका लागि अनुरोध गरेको अवस्थामा; (2) विद्यार्थीको विद्यालय प्रणालीको पहलमा पहिलो औपचारिक लिखित उजुरी प्राप्त भएपछि; (3) शैक्षिक सत्रका दौरान विद्यार्थीको विद्यालय प्रणालीको पहलमा पहिलो सम्यक प्रक्रियाअन्तर्गत उजुरी प्राप्त भएपछि; (4) स्थानको परिवर्तन गर्नुपर्ने अनुशासनात्मक कारवाही गर्नुपर्ने निर्णय लिएका बखत; (5) माता-पिता वा विद्यार्थीको सार्वजनिक सुविधा वा बिमामा प्रथम पटक पहुँच बनाउनुभन्दा पहिले; र (6) माता-पिताको अनुरोधमा । [34 C.F.R. दफा 300.504(a)]

विशेष शिक्षाका लागि सिफारिश गरिएका बालबालिका वा पहिले नै विशेष शिक्षा र सम्बन्धित सेवा प्राप्त गरिरहेका बालबालिकाका माता-पिता भएका कारण तपाईं र तपाईंको बच्चाका केही निश्चित अधिकारहरू हुन्छन्, जसलाई राज्य र/वा केन्द्रीय कानूनले संरक्षित गर्दछ । यी अधिकारहरू आगामी पृष्ठहरूमा दर्शाइएको छ । यदि तपाईंले यसमा भएका कुरा बुझ्नुभएन, यदि तपाईंलाई कुनै भिन्न भाषाको आवश्कयता पर्छ भने वा तपाईंलाई विस्तृत रूपमा बुझाइयोस् भन्ने चाहनु हुन्छ भने तपाईंको विद्यालय वा विद्यालय प्रणालीलाई विस्तारमा बुझाउन अवश्य अनुरोध गर्नुहोला ।

**<u>जानकारीको गोपनीयताः</u>**

तपाईंको बच्चा IDEAअन्तर्गत सेवा प्राप्त गर्न योग्य अपाङ्गता भएको बच्चा हो भन्ने जानकारी, उसको विशेष शिक्षा र सम्बन्धित सेवा र अन्य व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीलाई गोप्य राखिन्छ र सीमित परिस्थितिबाहेक जायज प्रयोजन नभई नत प्रणाली भित्र अन्य कसैलाई न अन्य कुनै निकाय वा समूहलाई नै प्रसारित गरिन्छ ।

कस्तो अवस्थामा गोपनीय जानकारीहरू प्रसारित गरिन्छ भन्ने सवालमा तपाईंको निम्नलिखित अधिकार हुन्छन्:

1. निम्नलिखित अवस्थाबाहेक तपाईंको बच्चाको अभिलेख खुलाउने स्वीकृति नदिएर तेस्रो पक्षको पहुँच निषेध गर्ने: (क) 1947 को परिवार शिक्षा अधिकार र गोपनीयतासम्बन्धी ऐन (फेमेली एजुकेशनल राइट्स एण्ड प्राइभेसी ऐक्ट - FERPA) को 34 C.F.R. खण्ड 99 लाई कार्यान्वयन गर्न केन्द्रीय नियमावलीले तोकेको कुनै निश्चित सीमित परिस्थितिहरूमा र (ख) IDEAअन्तर्गतको आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि सहभागी निकायका पदाधिकारीसमक्ष अभिलेखको खुलासा गरिन्छ ।

2. तपाईंको बच्चालाई उचित शैक्षिक स्थानमा स्थानान्तरण गर्ने वा त्यस्ता सेवाको खर्च व्यर्होने सहभागी निकायका पदाधिकारीसमक्ष तपाईंको बच्चाको व्यक्तिगत पहिचान खुल्ने जानकारी खुलाउन निषेध गर्ने ।

3. तपाईंको निवास स्थानको LEAमा अवस्थित नभएको निजी विद्यालयलाई तपाईंको बच्चाको व्यक्तिगत पहिचान खुल्ने जानकारी खुलाउन निषेध गर्ने ।

4. तपाईंको बच्चाको अभिलेखमा भएका जानकारी नष्ट गर्नुभन्दा पहिले तपाईंलाई सूचित गर्ने र प्रतिलिपिहरू प्राप्त गर्ने ।

5. जानकारी कसलाई खुलाईएको हो भनी सूचित गरिनुपर्ने ।

6. तपाईंको बच्चा भर्ना हुन खोजेको वा भर्ना हुन योग्य अन्य निकायमा पठाइएका सबै सुचनालाई समीक्षा गर्ने र प्रतिलिपिहरू प्राप्त गर्ने ।

**अभिलेखहरूः**

"शैक्षिक अभिलेख" भन्नाले FERPAमा उल्लेख गरिएको "शैक्षिक अभिलेख"को परिभाषाले समेट्ने अभिलेखका प्रकारलाई जनाउँछ । उक्त नियमावलीले "शैक्षिक अभिलेख"लाई निम्न प्रकारले परिभाषित गर्छः

> शैक्षिक अभिलेख भन्नाले ती अभिलेखलाई जनाउँछ जोः
>
> 1. विद्यार्थीसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ; र
> 2. शैक्षिक निकाय वा संस्था वा उक्त निकाय वा संस्थाको प्रतिनिधित्व गर्ने कुनै पक्ष ।
>
> यो पारिभाषिक शब्दले निम्न कुराहरूलाई जनाउँदैनः
>
> 1. निमार्णकर्ताको पूर्ण स्वामित्वमा राखिएका अभिलेख, व्यक्तिको स्मरण सहयोगीका लागि मात्र प्रयोग हुने, अभिलेख निमार्णकर्ताका लागि खटाइएका अस्थायी प्रतिनिधिबाहेक अन्य जोकोहीको पनि पहुँच नपुग्ने वा जोकोहीलाई पनि खुलासा नगरिने ।
> 2. दफा 99.8 का प्रावधानअन्तर्गत आउने कुनै शैक्षिक निकायको कानुन प्रर्वतन गर्ने एकाइका अभिलेख ।
> 3. कुनै शैक्षिक निकाय वा संस्थाले नियुक्त गरेको कर्मचारीसम्बन्धी अभिलेख, जुन सामान्य कामकाजका दौरान तयार गरिएको र व्यवस्थित रूपमा राखिएको हुन्छ; उक्त कर्मचारीको व्यक्तिगत क्षमतामा नितान्त उक्त व्यक्तिसँग सम्बन्धित; र अन्य कुनै पनि प्रयोगका लागि उपलब्ध नहुने । तथापि, कुनै शैक्षिक निकाय वा संस्थामा नियमित उपस्थिति जनाउने र आफ्नो विद्यार्थी हैसियतका कारण रोजगारीमा संलग्न भएको कुनै व्यक्तिका सम्बन्धमा रहेको अभिलेख शैक्षिक अभिलेख हो ।
> 4. 18 वर्ष वा सोभन्दा बढी उमेर वा जसले माध्यमिक स्तरभन्दा माथिको संस्थामा दाखिला गरेको विद्यार्थीको हकमा चिकित्सक, मनोचिकित्सक, मनोवैज्ञानिक वा अन्य मान्यता प्राप्त व्यावसायिक वा व्यावसायिक सहयोगीले आफ्नो व्यावसायिक क्षमतामा तयार पारेको र व्यवस्थित गरी राखेको अभिलेख; विद्यार्थीको उपचारका सम्बन्धमा मात्र तयार पारिएको, व्यवस्थित गरिएको वा प्रयोग गरिने; र उपचार गर्ने व्यक्तिहरूलाई मात्र खुलासा गरिने । यस परिभाषाका प्रयोजनको लागि "उपचार" भन्नाले उपचारात्मक शैक्षिक गतिविधि वा कुनै निकाय वा संस्थामा पठनपाठनको कार्यक्रमको एक हिस्साका रूपमा रहेका गतिविधिहरू समावेश हुँदैनन् ।
> 5. नियमित हाजीर हुने विद्यार्थीको हैसियत नभएपछि र नियमित विद्यार्थीको हैसियतसँग प्रत्यक्षरूपमा सम्बन्धित नभएको कुनै शैक्षिक निकाय वा संस्थाले तयार र प्राप्त गरेको अभिलेख ।
> 6. शिक्षकले संकलित र अभिलेख राख्नुभन्दा पहिले विद्यार्थीको अन्य कक्षाका विद्यार्थीसँग तुलना गरिएको उत्तर-पुस्तिकामा दिइएको ग्रेड (प्राप्ताङ्ग) ।

"शैक्षिक अभिलेख"सम्बन्धमा तपाईंको निम्नलिखित अधिकारहरू हुन्छनः

1. व्यक्तिगत शिक्षा कार्यक्रम (इन्डिभिजुअलाईज्ड एजुकेसन प्रोग्राम -IEP) सम्बन्धी कुनै पनि बैठक, सम्यक प्रक्रियाको सुनुवाइ वा समाधान सत्रभन्दा पहिले र कुनै अनावश्यक ढिलाई नगरी र उक्त जानकारी माग गरिएको 45 दिनभित्र तपाईंको बच्चासँग सम्बन्धित सम्पूर्ण शैक्षिक अभिलेख निरीक्षण र समीक्षा गर्ने;

2. तपाईंको प्रतिनिधिले अभिलेख समीक्षा गर्न पाउने;

3. अभिलेखका प्रतिलिपिहरू उपलब्ध गराउन सार्वजनिक निकायलाई अनुरोध गर्ने यदि उक्त प्रतिलिपिहरू उपलब्ध नहुँदा अभिलेख निरीक्षण र समीक्षा गर्ने अधिकार उपभोग गर्नबाट तपाईं प्रभावकारी रूपमा बञ्चित बन्नु पर्ने अवस्था हुन्छ भने;

4. यदि तपाईंलाई कुनै अधिकार दिइएको छैन भनी सार्वजनिक निकायलाई राज्यको कानुनअन्तर्गत सूचित गरिएको अवस्थाबाहेक अन्य अवस्थामा उक्त निकायले तपाईंसँग तपाईंको बच्चाको अभिलेख निरीक्षण गर्ने र समीक्षा गर्ने अधिकार निहित रहेको पूर्वानुमान गर्नुपर्ने;

5. यदि कुनै शैक्षिक अभिलेखमा एकभन्दा बढी बच्चाको जानकारी समाविष्ट भएको छ भने तपाईंको बच्चासँग सम्बन्धित जानकारी मात्र निरीक्षण र समीक्षा गर्न पाउने;

6. (माता-पिता र सहभागी निकायका अधिकारप्राप्त कर्मचारीबाहेक) IDEA अन्तर्गत संकलित, व्यवस्थित, वा प्रयोग गरिने शैक्षिक अभिलेखमा समावेश गरिएको तपाईंको बच्चाको व्यक्तिगत पहिचान खुल्ने जानकारीमा पहुँच प्राप्त गर्ने पक्षहरूबारे सार्वजनिक निकायले अभिलेख राख्न लगाउने, जसमा पक्षको नाम, पहुँच प्रदान गरिएको मिति, र उक्त पक्षलाई अभिलेख प्रयोग गर्न दिइएको प्रयोजनसमेत समावेश गर्नुपर्ने;

7. कुनै दस्तुरबिना सार्वजनिक निकायले शैक्षिक अभिलेखको खोजी गर्ने वा दुरूस्त पार्न लगाउने;

8. यदि दस्तुरले अभिलेख निरीक्षण र समीक्षा गर्ने अधिकार उपभोग गर्नबाट तपाईं प्रभावकारी रूपमा बञ्चित बन्नुपर्ने अवस्था हुँदैन भने मात्र अभिलेखका प्रतिलिपिका लागि दस्तुर तिर्नुपर्ने,

9. निकायले संकलन, व्यवस्थापन र प्रयोग गर्ने सबै प्रकारका र स्थानका अभिलेखबारे सूचित हुन पाउने;

10. अभिलेखमा भएका कुनै पनि वस्तुबारे विस्तृत विवरण र व्याख्याका लागि अनुरोध गर्ने;

11. यदि अभिलेखमा कुनै जानकारी गलत, भ्रामक वा बच्चाको निजता (गोपनियता) वा अन्य अधिकारको हनन गर्ने खालको छ भने उक्त जानकारीलाई संशोधनका लागि अनुरोध गर्ने;

12. जानकारी संशोधनका लागि अनुरोध गरिसकेपछि उचित समयावधिभित्र उक्त कार्य गर्ने कि नगर्ने भनी निर्णय गर्न निकायलाई छोडिदिने;

13. अभिलेख संशोधन गर्न इन्कार गरिएको जानकारी प्राप्त गर्ने र यदि निकायले अनुरोध गरिएको संशोधन गर्न मान्दैन भने तपाईंको सुनुवाइको अधिकार हुने;

14. यदि सुनुवाइमा उक्त निकायले जानकारी गलत, भ्रामक वा बच्चाको निजता वा अन्य अधिकारको हनन गर्ने खालको छ र अभिलेखलाई संशोधन गर्ने निर्णय गर्छ भने उक्त जानकारीबारे लिखित रूपमा अवगत हुन पाउने;

15. यदि उक्त निकायले सुनुवाइमा जानकारी संशोधन गर्न आवश्यक छैन भनी निर्णय गरेमा अभिलेखमा भएको जानकारीसम्बन्धी टिप्पणी गर्दै निकायको निर्णयसँग असहमत हुने तपाईंका कारणहरू प्रस्तुत गर्दै आफ्नो वक्तव्य राख्न पाउने अधिकारबारे अवगत हुन पाउने; र

16. विवादित जानकारीलाई जहिलेसम्म कायम राखिन्छ, त्यस बेलासम्म तपाईंको वक्तव्य पनि सुरक्षित राखिनु पर्ने र विवादित जानकारीको खुलासा भएमा तपाईंको वक्तव्य पनि खुलाईने ।

## स्वतन्त्र शैक्षिक मूल्याङ्कनः

"स्वतन्त्र शैक्षिक मूल्याङ्कन" को अर्थ तपाईंको बच्चाको शिक्षाका लागि जिम्मेवार विद्यालय जिल्लाले नियुक्त नगरेको एक योग्य निरीक्षणद्वारा गरिएको मूल्याङ्कन हो । "सार्वजनिक खर्च" भन्नाले विद्यालय प्रणालीले मूल्याङ्कनको सम्पूर्ण खर्च बेर्होछ वा आवश्यकता पूर्ति गर्न राज्यमा उपलब्ध कुनै पनि राज्य स्तरीय, स्थानीय, केन्द्रीय र निजी सहयोगका श्रोतहरूको प्रयोग गर्न प्रत्येक राज्यलाई अनुमति दिने IDEAका प्रावधानअनुकूल तपाईंलाई कुनै खर्च नलाग्ने गरी मूल्याङ्कन सेवा प्रदान गर्ने सुनिश्चितता गर्छ भन्ने अर्थ लाग्छ । [(34 C.F.R. को दफा 300.502 (a)(3)(i - ii)]

तपाईंको विद्यालय प्रणालीले जति पटक तपाईंको बच्चाको मूल्याङ्कन गरे पनि र तपाईंका असहमतिका बाबजुद पनि केवल एकपटक मात्र सार्वजनिक खर्च प्रयोग गरी तपाईंको बच्चाको स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्न पाउने तपाईंको हक हुन्छ ।

यदि तपाईंले सार्वजनिक खर्च प्रयोग गरी तपाईंको बच्चाको स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्न अनुरोध गर्नुभयो भने तपाईंको विद्यालय प्रणालीले कुनै अनावश्यक ढिलाई नगरी या: (क) तपाईंको बच्चाको मूल्याङ्कन मनासिब छ भनी देखाउन सम्यक प्रक्रियाको उजुरी दायर गरी सुनुवाइका लागि अनुरोध गर्दछ; वा (ख) सार्वजनिक खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्रदान गर्छ, जबसम्म तपाईंले प्राप्त गरेको तपाईंको बच्चाको मूल्याङ्कनले विद्यालय प्रणालीको मापदण्ड पुरा गर्न सकेन भनी विद्यालय प्रणालीले सम्यक प्रक्रियाको सुनुवाइमा सिद्ध गर्दैन ।

यदि तपाईंको विद्यालय प्रणालीले सुनुवाइको अनुरोध गर्छ र प्रशासनिक कानून न्यायाधीश (ALJ)/सुनुवाइ गर्ने अधिकारीको अन्तिम निर्णयमा विद्यालय प्रणालीको मूल्याङ्कन मनासिब छ भनिए तापनि तपाईंको स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्ने अधिकार बरकरार नै रहन्छ तर सार्वजनिक खर्च प्रयोग गरेर चाहिँ हैन ।

यदि तपाईंले स्वतन्त्र शैक्षिक मूल्याङ्कनका लागि अनुरोध गर्नुहुन्छ भने विद्यालय प्रणालीले प्राप्त गरेको तपाईंको बच्चाको मूल्याङ्कनलाई किन प्रतिवाद गर्नुहुन्छ भनी सोध्नसक्छ । तर, तपाईंको विद्यालय प्रणालीलाई त्यसको स्पष्टिकरण भने दिनु पर्दैन र प्रणालीले सार्वजनिक खर्चमा तपाईंको बच्चाको स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्न वा विद्यालय प्रणालीले गरेको तपाईंको बच्चाको मूल्याङ्कनको प्रतिरक्षा गर्न सम्यक प्रक्रिया उजुरी दायर गरी सम्यक प्रक्रियाको सुनुवाइका लागि अनुरोध गर्न अनुचित ढिलाई पनि गर्दैन ।

स्वतन्त्र शैक्षिक मूल्याङ्कन सम्बन्धमा तपाईंका निम्नलिखित अधिकार हुन्छनः

1. योग्य परीक्षकद्धारा स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्राप्त गर्ने;

2. सार्वजनिक वा निजी खर्चमा र विद्यालय प्रणालीको मापदण्ड पूर्ति गर्ने खालको स्वतन्त्र शैक्षिक मूल्याङ्कन गराउने (क) तपाईंको बच्चाका लागि निःशुल्क उचित सार्वजनिक शिक्षा (फ्रि अप्रोप्रियट पब्लिक एजुकेशन -FAPE) बारे बच्चालाई कुन प्रणालीमा राख्दा उपयुक्त हुन्छ भनी वा कार्यक्रमबारे निर्णय गरिने बैठकहरूमा विचार गरिनुपर्ने रूपमा प्रयोग हुनुपर्नेछ , र (ख) सम्यक प्रक्रिया सुनुवाइमा प्रमाणको;

3. निःशुल्क वा निम्न खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्राप्त गर्न सकिन्छ र यस्ता मूल्याङ्कनका लागि विद्यालय प्रणालीको उचित मापदण्डबारे तपाईंको बच्चाको विद्यालय प्रणालीले तपाईंलाई बताउनु पर्ने;

4. आफ्नो मूल्याङ्कन मनासिब थियो भनी देखाउन FAPE बारे सुनुवाइ सुरू गर्ने अधिकार सार्वजनिक निकायमा निहित हुनेबाहेक यदि तपाईं निकायको मूल्याङ्कनसँग असहमत हुनुहुन्छ भने मूल्याङ्कनको स्थान र परीक्षकको योग्यतासहितको सार्वजनिक निकाय, जसको मातहतमा मूल्याङ्कन गरिएको थियो, ले प्रयोग गरेको मापदण्ड कै अन्तर्गत सार्वजनिक खर्चमा एक स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्ने; र

5. सुनुवाइका दौरान प्रशासनिक कानून न्यायाधीश/सुनुवाइ गर्ने अधिकारीले मूल्याङ्कनको अनुरोध गरेमा सार्वजनिक खर्चमा एक स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्न पाउने अधिकार ।

**सूचनाः**

"सूचना" भन्नाले प्रस्तावित मूल्याङ्कन, बैठकहरू, र/वा कार्यक्रम वा योग्यतामा हेरफेर, वा पहिचान, मूल्याङ्कन र IDEA अन्तर्गत अपाङ्गता भएका बालबालिककालाई प्रदान गरिएका सेवाबारे माता-पितालाई लिखित जानकारी दिनु हो । हेरफेर गर्नुभन्दा पहिला प्रतिक्रिया जनाउनका लागि अवसर दिन र जानकारी प्रदान गर्न तपाईंलाई लिखित सूचना दिइन्छ ।

सूचनासम्बन्धी, तपाईंका निम्नलिखित अधिकार हुन्छन्:

1. तपाईंको बच्चाका लागि पहिचान, मूल्याङ्कन, उचित स्थानमा राख्ने, वा FAPE को प्रबन्ध मिलाउन विद्यालय प्रणालीले पहल वा हेरफेर गर्न (वा पहल वा हेरफेर गर्न इन्कार गर्न) भन्दा पहिला सबै बैठकबारे सूचित गर्ने र उपस्थित रहने;

2. उक्त सूचना आमजनताले बुझ्ने स्तरको, लिखित रूपमा, तपाईंको मातृभाषामा वा अन्य कुनै मुख्य संवादको माध्यममा प्राप्त गर्ने;

3. यदि तपाईंको मातृभाषा वा अन्य संवादका माध्यम लिखित भाषा होइनन भने उक्त सूचनालाई मौखिक रूपमा वा तपाईंको मातृभाषामा अन्य कुनै माध्यमबाट वा अन्य संवादका माध्यम मार्फत अनुवाद गरिनुपर्ने;

4. प्रस्तावित कार्यहरू के के हुन्, किन प्रस्तावित गरिएका हुन्, विद्यालय प्रणालीले विचार गरेका विकल्पहरू के के हुन् र अन्य विकल्पहरू किन नामञ्जुर गरियो भन्नेबारे विस्तृत विवरणसहितको सूचना दिनु पर्ने;

5. प्रत्येक मूल्याङ्कन कार्यविधि, परीक्षा, मूल्याङ्कन, अभिलेख वा प्रतिवेदनबारे अवगत गराइनु पर्ने, जसलाई विद्यालय प्रणालीले कुनै प्रणाली-प्रस्तावित कार्यको आधार वा नामञ्जुर गरिनुपर्ने आधारका लागि प्रयोग गरेको छ;

6. निकायको प्रस्तावित कार्य वा नामंजुर गरिनुपर्ने आधारसँग सम्बन्धित कुनै अन्य कारणहरूबारे विस्तृत विवरण;

7. तपाईंसँग उपलब्ध सम्पूर्ण कार्यविधिगत संरक्षणबारे सम्पूर्ण व्याख्या समावेश गरिएको सूचना-पत्र;

8. IDEA का प्रावधानहरू बुझ्नका लागि सहयोग प्राप्त गर्न सम्पर्क गर्न सकिने श्रोतबारे जानकारी पाउने;

9. तपाईंको बच्चाको वा तपाईंको सार्वजनिक सुविधा वा बिमाबारे प्रथम पटक विद्यालय प्रणालीले मूल्याङ्कन गर्नुभन्दा पहिले र एकपटक माता-पिताको सहमति प्राप्त गर्नुभन्दा पहिले र त्यसपछि वार्षिकरूपमा सूचना प्राप्त गर्ने ।

10. तपाईंको बच्चाका लागि पहिचान, मूल्याङ्कन, उचित स्थानमा राख्ने, वा FAPE को प्रबन्ध मिलाउने सम्बन्धमा निकायले विद्यालय प्रणालीले पहल वा हेरफेर गर्न वा पहल वा हेरफेर गर्न इन्कार गर्नुभन्दा <u>पहिला</u> माथि उल्लेख गरिएका 2 देखि 8 नम्बरका सम्पूर्ण जानकारी भएको <u>लिखित पूर्वसूचना</u> प्राप्त गर्ने;

11. सबै IEP टोली बैठकमा उपस्थित रहने तथा (क) परस्पर रूपमा सहमत भएको समय र स्थानमा बैठक बस्नु पर्ने, (ख) बैठकमा को-को उपस्थित हुन्छन भन्नेबारे जानकारी पाउने, र (ग) तपाईंको अपाङ्गता भएको बच्चाबारे ज्ञान र दक्षता भएको जोकोहीलाई पनि ल्याउन पाउने अधिकार समेत हुने; र

12. तपाईंको विद्यालय प्रणालीमा उपलब्ध छ भने सबै सूचनाहरू इमेलबाट प्राप्त गर्ने विकल्प रोज्नुहोस् । यसमा पूर्ववर्ती लिखित सूचना, कार्यविधिगत संरक्षण (माता- पिताका अधिकारबारे) सूचना र सम्यक प्रक्रिया उजुरीसम्बन्धी सूचनासमेत पर्छन् ।

**सहमतिः**

"सहमति" भन्नालेः

1. तपाईंले सहमति दिन लागेको कार्यबारे सबै सम्बन्धित जानकारी तपाईंको मातृभाषा वा अन्य संवादका माध्यमद्वारा (जस्तैः सांकेतिक भाषा, ब्रेली वा मौखिक संवाद) तपाईंलाई पूर्ण रूपमा सूचित गरिएको छ;

2. विस्तृत रूपमा वर्णन गरिएको उक्त कार्यलाई तपाईं बुझ्नुहुन्छ र लिखित रूपमा मञ्जुरी दिनुहुन्छ र उक्त सहमतिले उक्त कार्यको वर्णन गर्छ र अभिलेखलाई (यदि कुनै भए) सम्प्रेषण गरिन्छ र कसलाई गरिने छ भन्ने सूचीबद्ध गर्छ; **र**

3. तपाईंको नजरमा सहमति स्वेच्छिक हो र तपाईंले कुनै पनि बेला आफ्नो सहमति फिर्ता लिन सक्नु होला । तपाईंले सहमति फिर्ता लिँदा तपाइँले सहमति दिएपछि र फिर्ता लिनुभन्दा अगाडि भएको कुनै पनि कारवाहीलाई अस्वीकार गर्न भने मिल्दैन;

सहमतिबारे तपाईंका निम्नलिखित अधिकार हुन्छन्:

1. तपाईंको बच्चाले IDEAअन्तर्गत सेवा प्राप्त गर्न योग्य छ कि छैन भनी निर्धारण गर्न तपाईंको बच्चाको प्रारम्भिक मूल्याङ्कनभन्दा अगाडि सहमति दिने । विद्यालय प्रणालीबाट प्रस्तावित कारवाहीको लिखित पूर्वजानकारीसमेत तपाईंले प्राप्त गर्नुहुनेछ ।

   (क) तपाईंले सहमति दिन इन्कार गर्नुभयो वा सहमतिका लागि गरिएको अनुरोधको प्रत्युत्तर दिनु भएन भने विद्यालय प्रणालीले, आवश्यकता नपरे पनि, मूल्याङ्कन प्राप्त गर्नका हेतु मध्यस्थता वा सम्यक प्रक्रिया सुनुवाइको प्रयोग गरेर प्रारम्भिक मूल्याङ्कन गर्नसक्छ ।

   (ख) प्रारम्भिक मूल्याङ्कनका लागि दिइएको सहमति IDEA अन्तर्गतको सेवा प्रदान गर्नलाई दिइएको सहमति होइन ।

   (ग) तपाईंले सहमति दिनुभएन भने र सार्वजनिक निकायले मूल्याङ्कन गरेन भने पछि उक्त निकायले अपाङ्गता भएका बालबालिका खोज्नुपर्ने दायित्व उल्लंघन नगरेको ठहर्छ ।

2. पुर्नमूल्याङ्कन गर्नुभन्दा अगावै सहमति दिनुहोस् । तपाईंको विद्यालय प्रणालीले (1) तपाईंको बच्चाको पूर्नमूल्याङ्कन गर्नका लागि तपाईंको सहमति प्राप्त गर्न मनासिब पहलकदमी गरेको थियो, **र** (2) तपाईंले प्रत्युत्तर दिनुभएन भनेर देखाउन सक्यो भने यो सत्य ठहर्छ ।

   (क) तपाईंले पूर्नमूल्याङ्कनका लागि सहमति दिन इन्कार गर्नुभयो भने विद्यालय प्रणालीले, आवश्यकता नपरे पनि, मूल्याङ्कन प्राप्त
   गर्नका हेतु मध्यस्थता वा सम्यक प्रक्रिया सुनुवाइ कार्यविधिको प्रयोग गरेर तपाईंको बच्चाको पुर्नमूल्याङ्कन गर्न तपाइको असहमतिप्रति उदासिन बनी अगाडि बढ्ने प्रयत्न गर्नसक्छ ।

   (ख) प्रारम्भिक मूल्याङ्कन जस्तै यदि विद्यालय प्रणालीले यस प्रकार पुर्नमूल्याङ्कन गर्न अस्वीकार गर्छ भने IDEA अन्तगर्तका दायित्व उल्लंघन नगरेको ठहर्छ ।

3. यदि तपाईं घरमै पठनपाठन गरिरहेको वा तपाईंको खर्चमा निजी विद्यालयमा पढिरहेको बच्चाको माता-पिता हुनुहुन्छ भने र तपाईंको बच्चाको मूल्याङ्कन वा पूर्नमूल्याङ्कनका लागि सहमति दिनु भएको छैन वा त्यस्तो सहमति दिन गरिएका अनुरोधको प्रत्युत्तर दिनुभएको छैन भने पनि सहमति प्राप्त गर्न मध्यस्थताको कार्यविधि वा सम्यक प्रक्रियाको सुनुवाइको भागीदार बन्न पर्दैन ।

   (क) सार्वजनिक निकायले बच्चा सेवाका लागि योग्य छ भनेर निर्धारण गर्नु नपर्ने ।

4. विशेष शिक्षामा प्रारम्भिक नियुक्ति गर्नुभन्दा पहिले सहमति दिनुहोस् । विशेष शिक्षा र सम्बन्धित सेवाका लागि प्रारम्भिक प्रबन्ध मिलाउदा माता-पितासँग सु-सूचित सहमति प्राप्त गर्न विद्यालय प्रणालीले मनासिब प्रयास गर्नु जरूरी हुन्छ ।

   (क) विशेष शिक्षा र सम्बन्धित सेवाका लागि प्रारम्भिक प्रबन्ध मिलाउदा माता-पिताले प्रत्युत्तर दिएनन वा सहमति दिन मानेनन भने सहमति प्राप्ति हेतु विद्यालय प्रणालीले मध्यस्थता वा सम्यक प्रक्रिया सुनुवाइ कार्यविधिको प्रयोग नगर्न सक्छन् ।

   (ख) यदि तपाईंले सहमति दिनुभएन भने विद्यालय प्रणाली न त बच्चा पत्ता लगाउने जिम्मेवारीको उल्लंघन गरेको न तपाईंको बच्चालाई FAPE उपलब्ध गराउन पर्ने दायित्व बहन गर्न चुकेको ठहर्छ ।

(ग) विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि सहमति नदिइएका बालबालिकाका लागि विद्यालय प्रणालीले IEP टोलीको बैठक आयोजना गर्न वा IEP विकसित गर्नु पर्दैन ।

5. विद्यालय प्रणालीसमक्ष एकपटक दिइएको लिखित सहमतिले तपाईंको बच्चा र तपाईंको सार्वजनिक सुविधा वा बिमालाई पहिलो पटक मूल्याङ्कन गर्छ । विद्यालय प्रणालीले तपाईंको बच्चा र तपाईंको सार्वजनिक सुविधा वा बिमालाई पहिलो पटक (र त्यसपछि प्रत्येक वर्ष) मूल्याङ्कन गर्नु अगावै लिखित सूचना प्राप्त गर्ने अधिकार तपाईंसँग हुन्छ ।

6. जुनसुकै बखत पनि सहमति फिर्ता गर्नुहोस् । सेवाको प्रारम्भिक प्रबन्धका लागि सहमति दिइ सकेको केही समयपश्चात तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाको निरन्तर प्रबन्ध मिलाउन *लिखितरूपमा* विद्यालय प्रणालीलेः

(क) तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवा सुचारू नराख्ने निर्णय गर्नसक्छ, तर सेवाको प्रबन्ध बन्द गर्नुभन्दा अगावै लिखित पूर्वजानकारी दिनु पर्छ;

(ख) सहमति प्राप्त गर्न मध्यस्थता वा सम्यक सुनुवाइ कार्यविधिको प्रयोग नगर्नसक्छ;

(ग) एफएपीईको प्रावधान, तपाईंले सहमति फिर्ता लिएको खण्डमा समेत, उल्लंघन नगरेको ठहर्छ;

(घ) सेवाको थप प्रबन्ध मिलाउन IEP टोलीको बैठक आयोजना गर्न वा IEP विकसित गर्न पर्दैन;

(ङ) बच्चाले प्राप्त गरेको विशेष शिक्षा वा सम्बन्धित सेवासम्बन्धी कुनै पनि सन्दर्भलाई हटाउनका निम्ति तपाईंको बच्चाको शैक्षिक अभिलेखलाई संशोधन गर्न पर्दैन ।

नोटः सबै बालबालिकाका लागि सहमति चाहिने अवस्थाका अलावा सबै बालबालिकालाई लिइने परीक्षा लिनु अगावै वा मूल्याङ्कन वा पूर्नमूल्याङ्कनको एक पक्षका रूपमा विद्यमान तथ्याङ्कको समीक्षा गर्न अगाडि सहमतिको आवश्यकता पर्दैन ।

**विवाद समाधानः**

राज्य उजुरीका लागि (स्टेट कम्प्लेन्ट्स) र सम्यक प्रक्रिया उजुरी (ड्यू प्रसेस कम्प्लेन्ट्स) तथा सुनुवाइका लागि IDEA नियमावलीले भिन्दाभिन्दै कार्यविधि तोकेको छ । राज्य बोर्ड को नियम 160-4-7-.12 विवाद समाधानमा सबै विवाद समाधानको विस्तृत व्याख्या र विवरण रहेको भए तापनि दुवै गुनासो प्रक्रियाहरू तल व्याख्या गरिएको छ:

**राज्य उजुरी प्रक्रिया**

IDEAको मापदण्डको उल्लंघन गरेको आरोप लगाई कुनै व्यक्ति वा संस्थाले विद्यालय प्रणाली, राज्य शैक्षिक निकाय वा अन्य कुनै सार्वजनिक निकायविरूद्ध औपचारिक राज्य उजुरी दायर गर्नसक्छ । समयावधि उचित प्रकारले बढाएको अवस्थाबाहेक राज्य शैक्षिक निकायले कुनै पनि राज्य उजुरीलाई 60 क्यालेन्डर दिनको समयावधिभित्र फर्स्यौट गर्नुपर्छ ।

राज्य उजुरी: उजुरी IDEA को कथित उल्लंघन भएको जानकारीसहितको लिखित र हस्ताक्षरित हुनुपर्छ । उजुरीमा स्थानीय प्रणालीले IDEAको आवश्यकताहरूको उल्लंघन गरेको एउटा वक्तव्य र उक्त वक्तव्यमा आधारित तथ्यहरू हुनुपर्नेछ । उजुरी प्राप्त भएको मिति भन्दा **एक** (1) वर्ष अघिसम्म भएको उल्लंघनमा आरोप लगाउनु पर्छ ।

1. राज्य उजुरी दायर गरिसकेपछि दुवै पक्षको मञ्जुरी भएमा मध्यस्थताको अधिकार हुन्छ ।

2. जर्जिया डिपार्टमेन्ट अफ एजुकेशन(GaDOE) वा यसले करारमा लिएका निकायले अनुसन्धान गर्छन । अनुसन्धानका दौरान उजुरी गर्ने पक्ष र सम्बन्धित सार्वजनिक निकायलाई जर्जिया डिपार्टमेन्ट अफ एजुकेशन(GaDOE) समक्ष सूचना प्रदान गर्ने अवसर प्रदान गरिन्छ ।

3. कम गम्भीर परिस्थितिमा समयावधि बढाईएको अवस्थाबाहेक जर्जिया डिपार्टमेन्ट अफ एजुकेशन(GaDOE)ले 60 क्यालेन्डर दिनको समयावधिभित्र फैसला जारी गर्छ ।

4. राज्य उजुरीको फैसलामा पुनरावेदन लाग्दैन ।

**सम्यक प्रक्रिया उजुरी प्रक्रिया**

मूल्याङ्कन वा शैक्षिक स्थानान्तरणबारे पहल गर्ने वा संशोधन गर्ने प्रस्ताव वा अस्वीकारोक्ति वा बच्चालाई FAPE को प्रावधानसँग सम्बन्धित कुनै पनि मामिलामा माता-पिता, उमेर पुगेका अपाङ्ग बालबालिका, वा विद्यालय प्रणालीले मात्र सम्यक प्रक्रिया उजुरी दायर गर्नसक्छन । सम्यक प्रक्रिया उजुरीका लागि एक निष्पक्ष सम्यक प्रक्रिया मामिलाको सुनुवाइ गर्ने अधिकारीले उजुरी हेर्नुपर्छ (यदि उक्त मामिला समाधान बैठक वा मध्यस्थताबाट हल हुन सकेन भने मात्र) र यस दस्तावेजको "समाधान प्रक्रिया" नामक खण्डमा वर्णन गरिएको जस्तै समाधान अवधिको अन्त्य भएको 45 क्यालेन्डर दिनभित्र लिखित निर्णय जारी गर्नुपर्छ, यदि तपाईं वा विद्यालय प्रणालीको अनुरोधमा सुनुवाइ गर्ने अधिकारीले म्याद तामेल गर्छ ।

<u>सम्यक प्रक्रिया उजुरीः</u> उजुरीका आधार तयार गर्ने आरोपित कार्यबारे उजुरीकर्ताले थाहा पाएको वा थाहा पाएको हुनुपर्ने मितिले **दुई** <u>(2)</u> वर्षको हद ननाघ्ने गरी आरोपित उल्लंघन घटित भएको हो भनी उजुरीमा खुलाउनु पर्छ । सम्यक प्रक्रिया उजुरी मामिला सुल्झाउनका लागि सुनुवाइको व्यवस्थाका लागि गरिने एक अनुरोध हो । यदि उजुरी गर्ने पक्षले तोकिएको समयसीमाभित्र सम्यक प्रक्रिया उजुरी दायर गर्न सकेन भने दुई वर्षको हदम्यादको नियम लागु हुँदैन नकि: 1) उजुरीमा उठान गरिएका सवालहरूको समाधान गरिसकेको भनी विद्यालय प्रणालीले सोझै गलत अर्थ लगाएको हुनसक्ने; वा 2) IDEAको खण्ड बी अन्तर्गत विद्यालय प्रणालीले उजुरीकर्तालाई प्रवाहित गर्नुपर्ने सूचनालाई रोकेर राखेको हुनसक्ने ।

1. **सम्यक प्रक्रिया उजुरीको नोटिस दायर गर्नुपर्ने जिम्मेवारीः** IDEAअन्तर्गतको प्रावधान उल्लंघन भएको भनी आरोप लगाउने माता-पिता वा विद्यालय वा उनीहरूको वकिलले अन्य पक्ष (वा उनीहरूको वकिल) <u>र</u> जर्जिया डिपार्टमेन्ट अफ एजुकेशन(GaDOE)लाई सम्यक प्रक्रिया उजुरीको नोटिस दिनुपर्छ । उक्त नोटिसमा बच्चाको नाम र घरको ठेगाना, घरवारविहिन बालबालिका वा वयस्कको हकमा उनीहरूको सम्पर्क जानकारी र विद्यालयको नाम, समस्याको प्रकृतिबारे विवरण र प्रस्तावित समाधान हुनुपर्छ । सम्यक प्रक्रिया उजुरी दायर गर्ने पक्षले उक्त नोटिस सम्यक प्रक्रिया सुनुवाइ हुनुभन्दा पहिले दायर गर्नुपर्छ ।

2. **समस्याको प्रकृति जसका लागि तपाईंले सम्यक प्रक्रिया उजुरी दायर गर्न लागेको हो त्यसबारे प्रयाप्त जानकारी दिने जिम्मेवारीः** यदि माता-पिताको सम्यक प्रक्रिया उजुरीको नोटिस प्रयाप्त छैन भन्ने विद्यालय प्रणालीलाई लाग्छ भने, उजुरी प्राप्त गरेको 15 दिनभित्र प्रणालीले सुनुवाइ गर्ने अधिकारीलाई लिखितरूपमा सूचित गर्नुपर्छ ।

    (क) नोटिसले IDEAको आवश्यकता पूर्ति गर्छ कि गर्दैन भनी निर्धारण गर्न ALJ/सुनुवाइ गर्ने अधिकारीसँग 5 दिनको समय हुन्छ । निर्धारण गरिसकेपछि ALJ/सुनुवाइ गर्ने अधिकारीले आफ्नो निर्णयकाबारे सबै पक्षलाई लिखित रूपमा तुरून्तै सूचित गर्नुपर्छ । यदि ALJ/सुनुवाइ गर्ने अधिकारीले उजुरी प्रयाप्त छ भनी निर्धारण गरेमा विद्यालयले सम्यक प्रक्रिया उजुरीको प्रत्युत्तर दिनुपर्छ । यदि ALJ/सुनुवाइ गर्ने अधिकारीले उजुरी अप्रयाप्त छ भनी निर्धारण गरेमा माता-पितालाई पुनः नयाँ उजुरी दायर गर्ने अवसर हुन्छ र समयरेखा फेरी शुरू हुन्छ ।

3. **सम्यक प्रक्रिया उजुरीको विषयवस्तुबारे पूर्व लिखित जानकारीः** जब विद्यालय प्रणालीले सम्यक प्रक्रिया उजुरीको नोटिस प्राप्त गर्छ, यसले सर्वप्रथम सम्यक प्रक्रिया उजुरीको विषयवस्तुबारे पूर्व लिखित जानकारी गरायो कि गराएको थिएन भनी निर्धारण गर्नुपर्छ । यदि उसले यस्तो नगरेको भए सम्यक प्रक्रिया उजुरी प्राप्त गरेको 10 दिनभित्र विद्यालय प्रणालीले माता-पितालाई प्रत्युत्तर दिनुपर्छ । पूर्व लिखित जानकारीमा निम्नलिखित कुरा समावेश हुनैपर्छः

    (क) सम्यक प्रक्रिया उजुरीमा उठान गरिको कारवाहीलाई उक्त निकायले किन प्रस्तावित वा अस्वीकृत गर्‍यो भन्ने विवरण;

    (ख) IEP टोलीले प्रस्तुत गरेको अन्य विकल्पहरू र ती विकल्पहरू किन अस्वीकृत भए भन्नेबारे विवरण;

    (ग) प्रस्तावित वा अस्वीकृत कारवाहीका आधारका लागि उक्त निकायले प्रयोग गरेका प्रत्येक कार्यविधि, मूल्याङ्कन, अभिलेख वा प्रतिवेदनबारे विवरण; र

    (घ) विद्यालय प्रणालीको प्रस्ताव वा अस्वीकारोक्ति पछाडिका सान्दर्भिक कारणहरू ।

4. **समाधान सत्रः** उजुरी दायर गरिएको 15 दिनभित्र प्रणालीले माता-पिता र IEP टोलीबीच एउटा समाधान सत्रको आयोजना गर्नुपर्छ । समाधान सत्रले माता-पिता र विद्यालय प्रणालीलाई सम्यक प्रक्रिया उजुरीमा रहेका कुनै पनि सवालको समाधान खोज्ने अवसर प्रदान गर्छ, जसका कारण माता-पिता र प्रणालीले सम्यक प्रक्रिया उजुरीको मार्ग अबलम्बन नगर्नुपर्ने हुनसक्छ र बच्चालाई तुरुन्तै सेवा सुविधा उपलब्ध गराउन सकिन्छ । दुवै पक्षले मध्यस्थता प्रक्रिया प्रयोग गर्न सहमत भएको वा दुवैले लिखित रूपमा समाधान सत्र र मध्यस्थताको मार्ग त्याग गर्न सहमत भएको अवस्थाबाहेक समाधान सत्र सम्यक प्रक्रिया उजुरीको प्रक्रिया शुरू हुनुभन्दा पहिले आयोजित गरिनुपर्छ ।

(क) सत्रमा विद्यालय प्रणालीका तर्फबाट निर्णय लिन सक्ने अधिकारप्राप्त विद्यालय प्रणालीका प्रतिनिधि समावेश हुनुपर्छ ।

(ख) माता-पितासँग वकिल पनि उपस्थित रहेको अवस्थाबाहेक उक्त सत्रका दौरान प्रणालीले आफ्नो वकिललाई समावेश गर्नु हुँदैन ।

(ग) उक्त सत्रले सम्यक प्रक्रिया उजुरी दायर गर्ने पक्षलाई उजुरी र उजुरीका आधार तयार पार्ने तथ्यहरूबारे छलफल गर्ने अवसर र प्रत्यर्थी पक्षलाई उजुरीको समाधान गर्ने मौका प्रदान गर्छ ।

(घ) यदि पक्षहरू कुनै सहमतिमा पुगे भने उनीहरूले कानुनीरूपमा बाध्यकारी सम्झौता गर्नुपर्छ, जसमा माता-पिता र विद्यालय प्रणालीका प्रतिनिधिले हस्ताक्षर गर्नुपर्छ ।

(ङ) उक्त सम्झौता कुनै पनि सक्षम क्षेत्राधिकार भएको कुनै पनि राज्य अदालत वा संयुक्त राज्यको जिल्ला अदालतमा लागु हुन्छ । लागु भएको तीन (3) दिनभित्र कुनै एक पक्षले उक्त सम्झौतालाई रद्द गर्न सक्छ ।

(च) यस्तो समाधान सत्रमार्फत उजुरी प्राप्त भएको 30 दिनभित्र माता-पिता सन्तुष्ट हुने गरी सम्यक प्रक्रिया उजुरीको टुङ्गो लागेन भने पक्षहरू सम्यक प्रक्रियाको सुनुवाइतर्फ लाग्नसक्छ ।

5. **निष्पक्ष सम्यक प्रक्रिया उजुरीः** सम्यक प्रक्रिया उजुरी दायर गरेपछि जहिले पनि पक्षहरूलाई जर्जिया डिपार्टमेन्ट अफ एजुकेशन(GaDOE) वा करारमा नियुक्त गरिएको जर्जिया डिपार्टमेन्ट अफ एजुकेशन(GaDOE)को निष्पक्ष एजेन्टद्वारा सञ्चालन गरिने निष्पक्ष सम्यक प्रक्रिया सुनुवाइको अधिकार हुन्छ । सुनुवाइ दुवै पक्षका लागि निःशुल्क गरिनेछ । तर अदालतले जिते पक्षको खर्च प्रदान गर्ने फैसला गरेको अवस्थाबाहेक प्रत्येक पक्षले आफ्नो व्यक्तिगत तथा आफ्ना कानुनी सल्लाहकार वा विज्ञ साक्षी नियुक्त गर्दा लाग्ने खर्च आफै बेहोर्नु पर्छ ।

सम्यक प्रक्रिया सुनुवाइका सम्बन्धमा तपाईंका निम्नलिखित अधिकार हुन्छन्:

1. तपाईंको बच्चाको शिक्षामा सम्बद्ध सार्वजनिक निकायमा कर्मचारीको हैसियतका कार्य नगरेका वा सुनुवाइमा व्यक्तिगत र व्यावसायिक हिसाबले रूचि नभएका ALJ/सुनुवाइ गर्ने अधिकारीको अध्यक्षतामा सुनुवाइ गरिनुपर्ने (ALJ/सुनुवाइ गर्ने अधिकारीलाई उचित पारिश्रमिक दिई नियुक्त गर्दैमा मात्र ALJ/सुनुवाइ गर्ने अधिकारी उक्त निकायका कर्मचारी हुँदैनन)

2. ALJ/सुनुवाइ गर्ने अधिकारीका रूपमा सेवा प्रदान गर्ने व्यक्तिहरूको र प्रत्येक व्यक्तिको योग्यतासम्बन्धी ब्यहोरासहितको सूची प्राप्त गर्ने ।

3. सुनवाइका दौरान अपाङ्गता भएका बालबालिकका समस्याबारे विशेष ज्ञान वा प्रशिक्षण प्राप्त व्यक्तिहरू र कानुनी सल्लाहकार
साथैमा उपस्थित रहने र सल्लाह प्राप्त गर्ने ।

4. तपाईं वा प्रणालीले सम्यक प्रक्रिया उजुरी शुरू गरेपछि वा जब तपाईंले जानकारीका लागि अनुरोध गर्नुभयो भने स्थानीय प्रणालीले कुनै निःशुल्क वा न्यून खर्च लाग्ने कानूनी वा अन्य उपयुक्त सेवाहरूको उपलब्धताबारे बताउनुपर्ने (जस्तैः अपाङ्गताको अवस्था सम्बन्धमा कुनै विज्ञ जो सुनुवाइका दौरान साक्षी हुनसक्छ)

5. अपाङ्गता अभिव्यक्त भएको भनी सम्यक प्रक्रिया उजुरी दायर गर्दा अग्राधिकार प्राप्त सम्यक प्रक्रिया सुनुवाइ हुने ।

6. आफ्नो बच्चालाई सुनुवाइमा लैजान सकिने ।

7. सुनुवाइ सामान्यजनका लागि पनि खूला राख्ने ।

8. सुनुवाइका दौरान प्रमाण पेश गर्ने र बहस पैरवी गर्ने, जिरह गर्ने र साक्षीहरू उपस्थित रहन बाध्य गर्ने ।

9. तपाईं र तपाईंको बच्चाको सुविधालाई ख्यालमा राख्दै सुनुवाइ वा पुनरावेदनको उचित मिति र स्थान तोक्ने ।

10. सुनुवाइ हुने भन्दा कम्तीमा 5 कामकाजी दिनअघि प्रत्येक पक्षले अन्य सबै पक्षलाई आफ्ना मूल्याङ्कनमा आधारित सिफारिसहरू र उक्त मितिसम्म गरिएका सबै मूल्याङ्कनहरू खुलासा गर्नेछन्, जसको प्रयोग प्रस्तुत गर्ने पक्षले सुनुवाइका दौरान प्रयोग गर्नेछ ।

11. सुनुवाइ हुने भन्दा कम्तीमा 5 कामकाजी दिन अगाडि खुलासा नगरिएको प्रमाण सुनवाइका दौरान प्रस्तुत गरिएमा निषेध गर्न ALJ/सुनुवाइ गर्ने अधिकारीलाई अनुरोध गर्न पाउने ।

12. सुनुवाइको लिखित वा तपाईंको रोजाई अनुसारको विद्युतीय, अक्षरसः रेकर्ड उपलब्ध गराइनु पर्ने ।

13. कुनै पक्षको अनुरोधमा ALJ/सुनुवाइ गर्ने अधिकारीले समयावधि लम्बाएको अवस्थाबाहेक समाधान सत्रपछिको 45 दिनभित्र पत्ता लगाइएको तथ्य र निर्णयहरूको लिखित या तपाईंको रोजाई अनुसारको विद्युतीय दस्तावेज प्राप्त गर्ने ।

14. कुनै पक्षले कुनै सक्षम क्षेत्राधिकार भएको राज्यको अदालत वा संयुक्त राष्ट्र जिल्ला अदालतमा देवानी मुद्दा दायर नगरेको अवस्थामा बाहेक एएलजे/सुनुवाइ गर्ने अधिकारीले गरेको अन्तिम निर्णयको कार्यान्वयन हुने । कुनै पक्षले देवानी मुद्दा दायर गर्ने विकल्प रोज्छ भने दुवै पक्षको सहमति भएको अवस्थाबाहेक सबै पुनरावेदनको समाप्ति नहुञ्जेल तपाईंको बच्चा आफ्नै शैक्षिक निकायमा रहन्छ । सबै पुनरावेदनहरू समाप्त नहुने बेलासम्म निर्णयले तोकेको कुनैपनि सुधारात्मक वा क्षतिपूर्तिजन्य कारवाही हुँदैन ।

15. ALJ/सुनुवाइ गर्ने अधिकारीले निर्णय सुनाएको मितिदेखि 90 दिनभित्र राज्य वा संघीय अदालतमा देवानी मुद्दा दायर गरेर ALJ/सुनुवाइ गर्ने अधिकारीको निर्णयमा पुनरावेदन गर्ने ।

16. तपाईं र निकाय कुनै सहमतिमा नपुगेको अवस्थाबाहेक सबै सुनुवाइ र पुनरावेदनसम्बन्धी अदालती कारवाहीको समाप्ति नहुञ्जेल तपाईंको बच्चा हालको शैक्षिक निकायमा राखिने । तर अनुशासनात्मक कार्यविधि, अपाङ्गता अभिव्यक्त भएको निर्धारणसम्बन्धी पुनरावेदन, वा जब कुनै विद्यालय प्रणालीले बच्चालाई हालकै शैक्षिक निकायमा राखेमा बच्चा स्वयंलाई वा अरूलाई धेरै हदसम्म हानी नोक्सानी पुग्ने कुरामा विश्वस्त रहेको अवस्थामा यो अधिकार लागु हुँदैन । माता-पिता र राज्य वा विद्यालय प्रणालीले अन्य केही सहमति नगरेको अवस्थाबाहेक यस्ता अपीलहरू गर्ने क्रममा, ALJ/सुनुवाइ गर्ने अधिकारीकोमा मामिला विचाराधिन रहेका बेला वा अनुशासनात्मक संहिता वा संघीय कानूनमा तोकिएको म्याद नगुज्रिएसम्म, वा जुनसुकैमध्ये एक पहिले घटित भएमा ।

17. सम्यक प्रक्रिया उजुरीमा सार्वजनिक विद्यालयमा प्रारम्भिक भर्नाका लागि आवेदन पनि दिइएको छ भने सबै प्रक्रियाहरू समाप्त नहुञ्जेल तपाईंको बच्चालाई सार्वजनिक विद्यालय कार्यक्रममा राख्न पाउने ।

नोटः तपाईंको बच्चाको व्यवहार अपाङ्गता अभिव्यक्त भएको उपज होइन भनी विद्यालय प्रणालीले निर्धारण गरेकोमा तपाईंको विमति छ भने तपाईंले राज्य उजुरी वा सम्यक प्रक्रिया उजुरी दायर गर्नसक्नुहुन्छ ।

## वकिलको दस्तुर

सम्यक प्रक्रियाको उजुरी वा देवानी मुद्दाको फर्स्यौटको एक पक्षका रूपमा मुद्दामा विजयी हुने माता-पिता, SEA वा स्थानीय प्रणाली जोकोहिलाई पनि संयुक्त राज्य जिल्ला अदालतले अधिवक्ताको मनासिब दस्तुर प्रदान गर्ने निर्णय गर्नसक्छन् । SEA वा स्थानीय प्रणालीलाई अधिवक्ताको दस्तुर विशेष गाइडलाईनअन्तर्गत प्रदान गरिन्छः

1. सार्वजनिक निकायको वकिलको दस्तुर माता-पिताको वकिललाई भराउन लगाइन्छ यदि उक्त वकिलले हावादारी, अतार्किक वा आधारहीन उजुरी वा देवानी मुद्दा दायर गर्छ वा मुद्दाको प्रक्रिया स्पष्टरूपमा हावादारी, अतार्किक वा आधारहीन प्रतीत भइसकेपछि पनि मुद्दालाई निरन्तरता दिन्छ ।

2. सार्वजनिक निकायको वकिलको दस्तुर माता-पितालाई भराउन लगाइन्छ यदि माता-पिताको सम्यक प्रक्रिया उजुरी वा त्यसको फलस्वरूप दायर गरिएको देवानी मुद्दा कसैलाई दुःख दिन, अवांछित ढिलाई गर्न वा अनावश्यक रूपमा मुद्दाको लागत बढाउन जस्ता कुनै पनि अनुचित प्रयोजनका लागि दायर गरेको पाइएमा ।

3. सबै कानूनी तथा प्रशासकीय कारवाही तथा सेवाहरू शोधभर्नाका लागि योग्य हुँदैनन । माता-पितासँग गरेको सम्झौताको लिखित प्रस्ताव गरेको समयपछि प्रदान गरेको कुनै पनि सेवाका लागि अदालतले वकिलको दस्तुर नदिनसक्छ यदिः

   (क) देवानी कार्यविधिका लागि संघीय नियम (फेडरल रूल्स अफ सिभिल प्रसिजर) को नियम 68 बमोजिम गरिएको प्रस्ताव भएमा वा सुनुवाइको 10 दिनभन्दा अगाडि जुनसुकै समयमा पनि भएको प्रशासकीय सुनुवाइको सवालमा;

   (ख) 10 दिनभित्र प्रस्ताव स्वीकार नगरेमा; र

   (ग) माता-पिताले अन्ततः प्राप्त गरेको राहत सम्झौताको प्रस्तावभन्दा बढी लाभ दायक छैन भनी अदालत वा प्रशासकीय सुनुवाइ गर्ने अधिकारीले पत्ता लगाएमा । यद्यपि, सम्झौताको प्रस्तावलाई अस्वीकार गर्दा धेरै हदसम्म न्यायोचित देखिने माता-पितालाई वकिलको दस्तुर दिलाउन सक्छ ।

4. यसका अलावा, राज्यको स्वविवेकमा मध्यस्थता सत्रका लागि वा प्रशासकीय कारवाही वा न्यायिक कारवाहीका फलस्वरूप आयोजित बैठकबाहेक IEP टोली बैठकहरू शोधभर्नाका योग्य हुँदैनन ।

5. समाधान सत्रका लागि वकिलको दस्तुर पनि शोधभर्नाका योग्य मानिदैन ।

## मध्यस्थता

IDEA सँग सम्बन्धित असहमतिका लागि माता-पिता, विद्यालय प्रणाली वा कुनै पक्षले मध्यस्थताका लागि अनुरोध गर्नसक्छन ।

1. दुवै पक्षका वकिल वा अन्य प्रतिनिधि वा सल्लाहकारको सेवा दस्तुर आ-आफै जिम्मेवार हुनेबाहेक मध्यस्थता दुवै पक्षका लागि निःशुल्क हुनेछ ।

2. मध्यस्थता स्वेछिक हुन्छ ।

3. मध्यस्थतालाई सुनुवाइको अधिकारबाट वञ्चित गर्न वा विलम्ब गर्न प्रयोग गरिनेछैन ।

4. विवादमा फसेका पक्षहरूलाई सुविधा हुने स्थान र उचित समयमा मध्यस्थता सत्र आयोजित गरिने छ ।

5. निष्पक्ष र राज्यले स्वेछाचारी ढङ्गबाट चयन गरेको योग्य र प्रशिक्षित मध्यस्थकर्ताले मध्यस्थता सत्रको सञ्चालन गर्नुपर्छ ।

6. मध्यस्थता सत्रका छलफलहरू गोप्य हुन्छन र पछि हुनसक्ने कुनै पछि सम्यक प्रक्रिया सुनुवाइ वा देवानी कारवाहीमा प्रमाणका रूपमा पेश गर्न पाइँदैन ।

7. मध्यस्थतामा विवादको समाधान भयो भने सम्बन्धित पक्षहरू एक कानुनीरूपमा बाध्यकारी सम्झौता गरी हस्ताक्षर गर्नुपर्छ, जसले समाधानलाई पटाक्षेप गर्छ ।

नोटः समाधान सत्रका सम्झौताहरू, मध्यस्तथताका सम्झौताहरू र सम्यक प्रक्रियाका निर्णयहरू कानुनी रूपमा बाध्यकारी हुन्छन र सक्षम क्षेत्राधिकार भएका राज्यका अदालत वा संयूक्त राज्य जिल्ला अदालतमार्फत लागु हुन सक्छन् ।

नोटः समाधान सम्झौता, मध्यस्तथता सम्झौता र सम्यक प्रक्रियाका निर्णय पक्षहरूबीच भएका छैनन् भन्ने आरोपसहितको राज्य उजुरी कुनै पनि पक्षले दायर गर्नसक्छ । जर्जिया डिर्पाटमेन्ट अफ एजुकेशन(GaDOE)ले राज्य उजुरी कार्यविधिअन्तर्गत अनुसन्धान गरेर लिखित निर्णय जारी गर्नेछ ।

**मूल्याङ्कनः**

जब कुनै बालबालिकालाई विशेष शिक्षा र सम्बन्धित सेवाको आवश्यकता पर्ने अपाङ्गता भएका बालबालिका हुन कि भनी शंका गरिन्छ, त्यति बेला मूल्याङ्कन गरिन्छ । मूल्याङ्कन (जसलाई सामान्यतया "पुर्नमूल्याङ्कन" पनि भनिन्छ) त्यतिबेला पनि गरिन्छ, जब कुनै बालक जो उक्त सेवाप्राप्त गर्न योग्य छ र विशेष शिक्षा तथा सम्बन्धित सेवा प्राप्त गरेको छ र पनि उसको वर्तमान शैक्षिक आवश्यकता निर्धारण गर्नुपर्ने हुन्छ । विद्यालय प्रणालीले तपाईंको बच्चाको मूल्याङ्कन गर्न इन्कार गर्न सक्छ तर विद्यालय प्रणालीले आफ्नो इन्कारीको व्यहोरा प्रस्तुत गर्दे र तपाईंको बच्चाको मूल्याङ्कन गर्नु पर्छ कि पर्दैन भनी निर्धारण गर्न तपाईं सम्यक प्रक्रिया सुनवाइको हकदार हुनुहुन्छ भन्ने विवरण दिदै एउटा लिखित पूर्वजानकारी तपाईंलाई दिनुपर्छ ।

मूल्याङ्कनका सन्दर्भमा तपाईंका निम्नलिखित अधिकार छन्:

1. तपाईंको बच्चाको शैक्षिक आवश्यकताबारे पूर्ण र व्यक्तिगत मूल्याङ्कन;
2. सम्भावित अपाङ्गतासम्बन्धी क्षेत्रमा ज्ञान भएको कम्तीमा पनि एक जना विशेषज्ञसहितको बहु-विषयक टोलीले मूल्याङ्कन गर्ने;
3. सम्भावित अपाङ्गतासम्बन्धी सबै क्षेत्रमा तपाईंको बच्चाको मूल्याङ्कन गर्ने;
4. उपयुक्त परीक्षण योग्य परीक्षकहरूबाट गराउने;
5. विशेष शिक्षा र सम्बन्धित सेवाका लागि तपाईंको बच्चाको योग्यता तथा तपाईंको बच्चाका लागि उचित शैक्षिक कार्यक्रम निर्धारण गर्न आवश्यक पर्ने सान्दर्भिक व्यवहारिक, विकाससँग सम्बन्धित र शैक्षिक सुचना संकलन गर्न प्रयोग हुने विभिन्न प्रकारका मूल्याङ्कनका साधन र अन्य साधनहरू;
6. योग्यता र उपयुक्त शैक्षिक कार्यक्रम निर्धारणका लागि प्रयोग हुने एकभन्दा बढी मूल्याङ्कन वा तथ्याङ्कको अंश;
7. अन्य व्यक्तिगत तवरबाट प्राप्त मूल्याङ्कनको जानकारी (योग्य परीक्षकले गरेको) प्रदान गर्ने र तपाईंको बच्चा अपाङ्गता भएको बच्चा हो कि होइन र तपाईंको बच्चाको शैक्षिक आवश्यकता निर्धारण गर्ने प्रक्रियामा उक्त जानकारी प्राप्त गर्ने;
8. तपाईंको बच्चाको मातृभाषा वा संवादको माध्यममा मूल्याङ्कन गर्नुपर्ने;
9. पूर्नमूल्याङ्कन कम्तीमा पनि प्रत्येक तीन वर्षमा एक पटक हुनुपर्ने;
10. यदि तपाईं वा तपाईंको बच्चाको शिक्षकले अनुरोध गरेमा तीन वर्षभन्दा कम समयमा पनि पूर्नमूल्याङ्कन गर्ने । यद्यपि, तपाईं र विद्यालय प्रणाली सहमत भएको अवस्थाबाहेक वर्षमा एक पटकभन्दा बढी पूर्नमूल्याङ्कन हुने छैनन् ।
11. विद्यालय वर्ष समाप्त हुनु भन्दा 30 दिन भन्दा कम समय वा गर्मीमा सन्दर्भ नआएसम्म, आमाबाबुको सहमति प्राप्त गरेको 60 दिन भित्र प्रारम्भिक मूल्याङ्कन पूरा भएको;

(क) कुनै पनि गर्मी बिदाको समय जतिबेला विद्यालय प्रणालीका शिक्षकहरू करार सेवामा हुँदैन र 60 दिनको मूल्याङ्कनका बेला समाविष्ट पनि हुने छैनन । तर, विद्यालय प्रणालीलाई गर्मी बिदाका बेला मूल्याङ्कन गर्न निषेध गरिदैन ।

(ख) बिदा हुनुभन्दा पहिले र सकिनुभन्दा अधिका सप्ताहांत लगायतका बिदाका समय र अन्य परिस्थितिहरू जब विद्यार्थीहरू लगातार 5 दिनसम्म गयल हुने समयलाई 60 दिने समयरेखा भित्र गन्ती गरिदैन ।

(ग) गर्मीयाममा वा अन्य बिदाका बेलामा 3 वर्ष पुग्ने विद्यार्थीका हकमा तिनीहरूको तेस्रो जन्म दिनसम्म योग्यताको निर्णय वा IEP (यदि उपयुक्त छ भने)

12. प्रारम्भिक निर्धारणका लागि (क) IDEAमा परिभाषित गरिएअनुरूप अपाङ्गताको विद्यमानता, र (ख) तपाईंको बच्चाको शिक्षामा अपाङ्गताको प्रभावको अभिलेखिकरणमा आधारित योग्यतासम्बन्धी निर्णय;

13. तपाईंलाई कुनै मूल्यमा उपलब्ध गराइएको योग्यताको मूल्याङ्कन प्रतिवेदन र दस्तावेजको प्रतिलिपि राख्नुहोस् र 60 दिने प्रारम्भिक मूल्याङ्कन अवधि पूरा भएमा वा योग्यता सभामा, जुन सबैभन्दा उत्तम अभ्यासको रूपमा, प्रारम्भिक मूल्याङ्कन पूरा भएको 10 दिन भित्र हुनुपर्छ।

नोटः विशेष शिक्षा र सम्बन्धित सेवा प्रदान गर्ने सहमति फिर्ता लिएको खण्डमा नयाँ सिफारिसलाई प्रारम्भिक मूल्याङ्कन मानिनेछ ।

**<u>न्यून प्रतिबन्धात्मक वातावरणः</u>**

"न्यून प्रतिबन्धात्मक वातावरण" भन्ने पारिभषिक शब्द अपाङ्गता भएको बच्चाको उसको शिक्षालाई उपयुक्त हुने र सकेसम्म आफ्ना अपाङ्गता नभएका सहपाठीसँग सँगै बस्न पाउने अधिकारलाई दर्शाउन प्रयोग गरिन्छ । प्रत्येक बच्चा पृथक हुन्छन र IEP टोलीले प्रदान गरिनुपर्ने विशेष शिक्षा सेवाका लागि पृष्टभूमी निर्धारित गर्छ । नियमित कक्षा कोठामा विशेष शिक्षा र सम्बन्धित सेवा प्रदान गरी बच्चालाई नियमित कक्षाकोठामा राख्नुपर्छ, जबसम्म सहयोग र सर्मथनका बाबजुद पनि उक्त वातावरणमा बच्चाले सफलता हासिल गर्न सक्दैन भन्ने प्रमाण प्राप्त भएमा ।

न्यून प्रतिबन्धात्मक वातावरणका हकमा तपाईंको निम्नलिखित अधिकार हुन्छन्:

1. IEP टोलीले निर्धारित गरेअनुरूप तपाईंको बच्चालाई सकेसम्म अपाङ्गता भएका बच्चासँग शिक्षा दिने;

2. विशेष कक्षा वा भिन्न विद्यालयको आवश्यकता नपरेसम्म तपाईंको बच्चालाई नियमित शिक्षाको वातावरणमा रहन दिने । अपाङ्गताको प्रकृति र गम्भीरता यस्तो छ कि सहयोगी सामग्री र सेवाको प्रयोगबाट समेत नियमित कक्षामा सन्तोषजनक ढङ्गले शैक्षिक सफलता हासिल गर्न सकिदैन भन्ने लागेको खण्डमा मात्र नियमित कक्षा कोठाको वातावरणबाट निकाल्नु पर्छ;

3. नियमित शैक्षिक कार्यक्रमबाट निकाल्दा न्यून प्रतिबन्धात्मक वातावरणमा राखियोस् भन्ने उद्देश्यले वैकल्पिक शैक्षिक स्थानहरूको एउटा अविछिन्न सूची नै उपलब्ध गराउने;

4. श्रोत कोठा वा घुमफिर गरेर पढ्ने-पढाउने विधिजस्ता अतिरिक्त सेवाहरू प्रदान गरेर धेरैजसो विद्यालय दिनमा नियमित कक्षामा रहन सम्भव तुल्याउने;

5. तपाईंको बच्चाको IEP ले अर्को व्यवस्था गर्न निर्देश नगरेसम्म तपाईंको बच्चालाई ऊ पढ्ने विद्यालयमा नै राख्ने;

6. खाजा, ब्रेक, परामर्श, खेलकुद र विशेष अभिरूचि समूह जस्ता गैर-शैक्षिक र अतिरिक्त सेवा क्रियाकलापहरूमा तपाईंको बच्चाको आवश्यकताअनुरूप सकेसम्म सहभागी गराउने । तपाईंको बच्चालाई गैर-शैक्षिक वातावरणमा सहभागी हुन आवश्यक र उचित भनी IEP टोलीले निर्धारित गरेको अतिरिक्त सहयोग र सेवा अपाङ्गता भएको प्रत्येक बच्चालाई प्रदान गरिएको छ भनी विद्यालय प्रणालीले सुनिश्चितता गर्नुपर्छ ।

**नियुक्त (सरोगेट) अभिभावकः**

विद्यालय प्रणालीको यथोचित प्रयासका बाबजुद पनि आमा-बाबुको पहिचान नखुलेको वा राज्यमा आश्रित वा आमाबाबुको अत्तोपत्तो नभएको विद्यार्थीका लागि नियुक्त गरिएको व्यक्तिलाई "नियुक्त अभिभावक" भनिन्छ ।

1. जब कुनै बालबालिका राज्यको संरक्षकत्वमा हुन्छ, IDEA ले तोकेका प्रावधानहरू पूरा गर्ने खालको नियुक्त अभिभावक भएमा मात्र बच्चाको मुद्दा हेर्ने न्यायाधिशले वैकल्पिक रूपमा नियुक्त अभिभावकलाई नियुक्त गर्न सक्छ ।

2. म्यककिने-भेन्टो होमलेस असिस्टेन्स ऐक्ट (42 UAC दफा 11434 A -6)) ले परिभाषित गरेजस्तो कुनै बालक एक्लो किशोर हो भने स्थानीय प्रणालीले उक्त प्रावधानअनुरूप एक नियुक्त अभिवावकलाई नियुक्त गर्नेछ ।

3. बच्चालाई एक नियुक्त अभिभावको आवश्यकता छ भनी निर्धारण भइसकेपछि 30 दिन नकट्ने गरी एक नियुक्त अभिभावकलाई खटाइने कुराको सुनिश्चितता गर्न विद्यालय प्रणालीले यथोचित प्रयास गर्नेछ ।

4. बच्चालाई नियुक्त अभिभावकको आवश्यकता छ कि छैन र उक्त बच्चालाई नियुक्त अभिभावक खटाउनु पर्छ कि पर्दैन भनी निर्धारण गर्ने विधि विद्यालय प्रणालीसँग हुनुपर्छ ।

बच्चाको पहिचान, मूल्याङ्कन र शैक्षिक स्थापनसम्बन्धी सबै विषयवस्तु र बच्चाका लागि FAPE का प्रावधानहरूमा नियुक्त अभिभावकले बच्चाको प्रतिनिधित्व गर्नसक्छ । कुनै पनि नियुक्त अभिभावकः

1. को कुनै पनि व्यक्तिगत वा व्यावसायिक स्वार्थ प्रतिनिधित्व गरिएको विद्यार्थीको स्वार्थसँग बाझिनु हुँदैन ।

2. सँग विद्यार्थीको पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्ने ज्ञान र सीप हुनुपर्छ र बच्चाको शिक्षा वा हेरचाहमा सम्बद्ध जर्जिया डिर्पाटमेन्ट अफ एजुकेशन(GaDOE),

3. स्थानीय प्रणाली वा अन्य कुनै निकायको कर्मचारी हुनु हुँदैन ।

**सार्वजनिक खर्चमा निजी विद्यालय स्थापना** :

यदि विद्यालय प्रणालीले बच्चालाई FAPE उपलब्ध गराएको छ र माता-पिताले बच्चालाई निजी विद्यालय वा सेवा केन्द्रमा राख्न खोजेका छन् भने IDEAले विद्यालय प्रणालीलाई अपाङ्गता भएको बच्चालाई निजी विद्यालय वा सेवा केन्द्रमा विशेष शिक्षा र सम्बन्धित सेवा लगायतको शिक्षा खर्च बेहोरी दाखिला गर्न बाध्य गर्दैन । यद्यपि, निजी विद्यालयमा दाखिला भएका विद्यार्थीहरूका हकमा, निजी विद्यालय अवस्थित रहेको विद्यालय प्रणालीले माता-पिताद्धारा निजी विद्यालयमा राखिएका बच्चाहरूलाई IDEA का प्रावधानअन्तर्गतका आवश्यकताहरूको सम्बोधन गरिने बच्चाहरूसँग समाविष्ट गर्नुपर्छ ।

1. जब कुनै बच्चालाई माता-पिताद्धारा कुनै गैरनाफामुखी प्रारम्भिक वा माध्यमिक निजी विद्यालयमा राखिएको छ भने निजी विद्यालय अवस्थित रहेको प्रणालीले उक्त विद्यार्थीलाई कुनै पनि प्रावधान वा संघीय कोषको समानुपातिक हिस्साका लागि योग्य छ भन्ने विचार गर्नुपर्छ । माथि उल्लेख गरिएको परिस्थितिमा जब कुनै बच्चालाई माता-पिताले नै प्रारम्भिक वा माध्यमिक निजी विद्यालयमा दाखिला गरेका छन् भने विशेष शिक्षा र सम्बन्धित सेवाका पाउने व्यक्तिगत अधिकार हुँदैन ।

2. यदि कुनै अपाङ्गता भएको बच्चा जसले विद्यालय प्रणालीबाट विशेष शिक्षा र सम्बन्धित सेवा पहिले नै प्राप्त गरेको छ र FAPE को प्रावधान सम्बन्धमा कुनै असहमतिका कारण विद्यालय प्रणालीको सहमति वा सिफारिस बिना नै उसको माता- पिताद्वारा उसलाई प्रारम्भिक वा माध्यमिक निजी विद्यालयमा दाखिला गरेका छन् भने अदालत वा ALJ/सुनुवाइ गर्ने अधिकारीले विद्यालय प्रणालीलाई भर्ना गरेको माता-पिताको खर्च भराउन सक्छ यदि विद्यालय प्रणालीले भर्ना हुनुभन्दा पहिला र समय रहँदै बच्चालाई FAPE उपलब्ध नगराएको र निजी विद्यालयमा स्थान्तरण गरेको उचित भएको भन्ने ठहर अदालत वा ALJ/सुनुवाइ गर्ने अधिकारीले गर्छ ।

3. माथि अनुच्छेद (2) मा उल्लेख गरिएको शोधभर्नाको कुनैपनि रकम घटाउन वा इन्कार हुनसक्छ यदिः

(क) सार्वजनिक विद्यालयबाट आफ्नो बच्चा निकाल्नुभन्दा पहिला माता-पिता उपस्थित रहेको IEP टोली बैठका दौरान माता-पिताले बच्चालाई FAPE प्रदान गर्ने विद्यालय प्रणालीको स्थानान्तरणको प्रस्तावलाई इन्कार गरेको साथै सार्वजनिक खर्चमा उनीहरूको बच्चालाई निजी विद्यालयमा राख्ने उनीहरूको अभिलाषा र सरोकार IEP टोलीलाई नबताएमा; वा

(ख) बच्चालाई FAPE प्रदान गर्ने विद्यालय प्रणालीको स्थानान्तरणको प्रस्तावलाई इन्कार गरेको साथै सार्वजनिक खर्चमा उनीहरूको बच्चालाई निजी विद्यालयमा राख्ने उनीहरूको अभिलाषा र सरोकार रहेको भनी सार्वजनिक विद्यालयबाट निकाल्नुभन्दा कम्तीमा 10 कामकाजी दिन (कामकाजी दिनमा पर्ने कुनै बिदाको दिनसमेत) अगाडि विद्यालय प्रणालीलाई लिखित जानकारी नदिएमा;

(ग) सार्वजनिक विद्यालयबाट बच्चालाई माता-पिताले निकाल्नुभन्दा पहिले विद्यालय प्रणालीले मूल्याङ्कन गर्ने इच्छा जाहेर गरी उक्त मूल्याङ्कनको उपयुक्त र मनासिब औचित्यसहितको एक वक्तव्यसहित लिखित जानकारी माता-पितालाई गराउँदासमेत बच्चालाई मूल्याङ्कनका लागि उपलब्ध नगराएमा;

(घ) माता-पिताले उठाएको कदम अनुचित भएको न्यायिक ठहर भएमा ।

4. माथि अनुच्छेद (3) मा उल्लेख गरिएअनुसारको जानकारी माता-पिताले नदिएमा पनि शोधभर्नाको कुनै पनि रकम घटाउन वा इन्कार गर्न मिल्दैन यदिः

(क) विद्यालयले माता-पितालाई जानकारी दिनबाट रोकेमा;

(ख) माता-पिताले उनीहरूको अधिकारसम्बन्धी जानकारीमूलक सामाग्री प्राप्त नगरेको भए;

(ग) जानकारी दिने प्रावधानको पालना गर्दा बच्चालाई शारीरिक हानी पुग्न सक्ने भएमा ।

5. माथि अनुच्छेद (3) मा उल्लेख गरिए अनुसारको जानकारी माता-पिताले नदिएमा पनि, अदालत वा ALJ/सुनुवाइ गर्ने अधिकारीका स्वविवेकमा, शोधभर्नाको कुनै पनि रकम घटाउन वा इन्कार गर्न मिल्दैन यदिः

(क) माता-पिता निरक्षर वा अंग्रेजी भाषामा लेख्न नजान्ने भएमा; वा

(ख) जानकारी दिने प्रावधानको पालना गर्दा बच्चालाई भावनात्मक हानी पुग्नसक्ने भएमा ।

**अपाङ्गता भएका बालबालिकालाई अनुशासनमा राख्दा अबलम्बन गर्नु पर्ने कार्यविधिः**

विद्यालयको आचारसंहिता तोड्ने अपाङ्गता भएको बच्चालाई IEP टोलीसँग सल्लाह नगरी निरन्तर 10 विद्यालय दिनभन्दा बढी समयावधिका लागि हाल रहेको शैक्षिक परिवेशबाट हटाई उपयुक्त अन्तरिम वैकल्पिक शैक्षिक परिवेश वा अन्य परिवेश वा निलम्बन गर्ने अधिकार विद्यालयका कर्मचारीसँग हुँदैन ।

यसका अलावा विद्यालयका कर्मचारीले खराब आचरण प्रस्तुत गरेको भिन्न मामिलामा थप 10 दिनसम्म तब मात्र हटाउन सक्छन्, जबसम्म यस्ता निलम्बित अवस्थामा शैक्षिक स्थान परिवर्तन गरिदैन । बच्चालाई एक शैक्षिक वर्षभरमा नबिराई -बिराई 10 विद्यालय दिनका लागि हटाइन्छ भने त्यस वर्षका अन्य निलंबन गरिएका समयका हकमा बच्चाको IEP मा तोकिएको लक्ष्य हासिल गर्नेतर्फ प्रगति गर्न र नियमित पाठ्यक्रममा सहभागी हुने कार्यलाई जारी राख्न बच्चालाई सक्षम बनाउनका लागि विद्यालय प्रणालीले, यद्यपि अन्य कुनै परिवेशमा होस्, सेवा प्रदान भने गर्नैपर्छ ।

विद्यार्थीको आचारसंहिता उल्लंघन गरेको (दश दिनभन्दा कम समयको निलम्बन र शैक्षिक स्थानान्तरण नगरिने अवस्थाबाहेक) भनी अपाङ्गता भएको बच्चालाई शैक्षिक स्थानान्तरण गर्ने निर्णय गरिएको 10 दिनभित्र निम्नलिखित कुरा निर्धारण गर्न विद्यालय प्रणाली, माता-पिता, IEP टोलीका उपयुक्त सदस्यहरूले (विद्यालय प्रणाली र माता-पिताले तोकेका) IEP, शिक्षकले गरेको कुनै अवलोकन, र माता-पिताले प्रदान गरेको उपयुक्त जानकारीलगायतको सबै सान्दर्भिक सुचनाहरूको समीक्षा गर्नुपर्छः

1. विवादास्पद आचरणको कारण बच्चाको अपाङ्गता वा अपाङ्गतासँग प्रत्यक्ष र ठोस रूपमा सम्बन्धित थियो कि;

2. विवादास्पद आचरण बच्चाको IEP कार्यान्वयन गर्न विद्यालय प्रणालीको असफलताको प्रत्यक्ष परिणाम थियो कि ।

यदि विद्यालय प्रणाली, माता-पिता, IEP टोलीका उपयुक्त सदस्यहरूले माथि उल्लेखित दुइटा शर्तहरू पूरा भएको निर्धारण गरेको खण्डमा उक्त आचरण बच्चाको अपाङ्गताको अभिव्यक्ति हो भन्ने ठानिन्छ । यदि उक्त आचरण बच्चाको IEP कार्यान्वयन गर्न विद्यालय प्रणालीको असफलताको प्रत्यक्ष परिणाम थियो भने विद्यालय प्रणालीले उक्त कमी-कमजोरीको निवारण गर्न अविलम्ब कार्य गर्नुपर्छ ।

जब उक्त आचरणलाई विद्यार्थीको अपाङ्गताको अभिव्यक्ति मानिन्छ तब IEP टोलीले उक्त व्यवहारलाई सम्बोधन गर्न र फेरी पनि भविष्यमा नदोहोरियोस् भनी रोकथाम गर्न विद्यार्थीका लागि फङ्शनल विहेभीअरल एसेसमेन्ट (FBA) गर्नुपर्छ (वा पहिले नै गरिरसकेको भए समीक्षा गर्नुपर्छ) र एउटा विहेभीअरल इन्टरभेन्सन प्लान (BIP) विकसित र कार्यान्वयन (वा समीक्षा र संशोधन) गर्नुपर्छ । BIP मा भएको संशोधनको एक पक्षका रूपमा स्थानान्तरणका लागि माता-पिता र विद्यालय प्रणाली सहमत नभएसम्म बच्चालाई ऊ निलम्बित भएको शैक्षिक स्थानमा फकाईनु पर्छ ।

निम्नलिखित अवस्थाबाहेक यदि तपाईंको बच्चाको व्यवहार उसको अपाङ्गताको अभिव्यक्ति हैन भनी निर्धारण गरिएको छ भने अपाङ्गता नभएका विद्यार्थीहरूलाई लागु हुने अनुशासनात्मक कारवाही उक्त बच्चालाई अपाङ्गता नभएका बालबालिकालाई दिइने तरीकाले नै दिइनु पर्छः

(क) IEP मा तोकिएको लक्ष्य हासिल गर्नेतर्फ प्रगति गर्न र नियमित पाठ्यक्रममा सहभागी हुने कार्यलाई जारी राख्न बच्चालाई सक्षम बनाउनका लागि विद्यालय प्रणालीले, यद्यपि अन्य कुनै परिवेशमा होस्, बच्चाको शैक्षिक सेवा जारी राख्नु पर्छ ।

(ख) फेरी पनि पुनरावृति नहोस् भनी व्यवहार उल्लंघनलाई सम्बोधन गर्न बनाइएका उचित व्यवहार हस्तक्षेप सेवाहरू र FBA प्राप्त गर्ने ।

1. यदि तपाईंको बच्चाले विद्यालय वा विद्यालयको कार्यक्रमका दौरान हतियार लिएर जान्छ, जानाजान लागुपदार्थ बोक्छ वा प्रयोग गर्छ, विद्यालयमा वा विद्यालयको कार्यक्रमकमा दौरान प्रतिबन्धित औषधि बेच्छ वा बेच्ने प्रयास गर्छ, विद्यालयमा वा विद्यालयको परिसरमा वा विद्यालयले प्रायोजन गरेको कार्यक्रममा अर्को व्यक्तिलाई गम्भीर शारीरिक हानी पुऱ्याउँछ भने, विद्यालयका कर्मचारीले तपाईंको बच्चालाई निम्नलिखित स्थानमा स्थानान्तरण गर्ने आदेश दिन सक्छन्:

   (क) 10 विद्यालय दिनसम्मका लागि मात्र कुनै उपयुक्त वैकल्पिक शैक्षिक परिवेश, अन्य परिवेश वा निलम्बन (यस्ता विकल्पहरू अपाङ्गता नभएका विद्यार्थीहरूलाई पनि लागु हुनेसम्म)

   (ख) कुनै अपाङ्गता नभएको बच्चालाई अनुशासनात्मक कारवाहीको भागीदार बन्नुपर्ने समय जति नै कुनै उपयुक्त वैकल्पिक शैक्षिक परिवेश, तर व्यवहार अपाङ्गताको अभिव्यक्ति भए पनि नभए पनि 45 दिनभन्दा बढ्ता नहुने गरी छ ।

   IEP टोलीले उपयुक्त वैकल्पिक शैक्षिक परिवेशको निर्धारण गर्नेछ ।

2. स्थानान्तरण उचित छ कि छैन भनी निर्धारण गर्दा कुनै विशिष्ट परिस्थितिलाई छुट्टा-छुट्टै हेरिनुपर्छ ।

3. कुनै ALJ/सुनुवाइ गर्ने अधिकारीले 45 दिनसम्म तपाईंको बच्चालाई IEP ले निर्धारण गरेको उचित अन्तरिम वैकल्पिक शैक्षिक परिवेशमा स्थानान्तरण गर्ने आदेश दिनसक्छ यदि ALJ/सुनुवाइ गर्ने अधिकारीले हालको स्थानमा तपाईंका बच्चालाई राख्दा आफू वा अन्य कसैलाई शारीरिक हानी पुऱ्याउन सक्ने ठूलो सम्भावना देखेको निर्धारण गर्छ र अन्तरिम वैकल्पिक शैक्षिक परिवेशले अनुच्छेद (4) लाई पूर्ति गर्छ कि गर्दैन भनी समेत निर्धारण गर्छ ।

4. अनुच्छेद (1) अनुरूप तपाईंको बच्चालाई राखिएको कुनै अन्तरिम वैकल्पिक शैक्षिक परिवेश वा यस खण्डको अनुच्छेद (4) लाई रोजिनेछ, जसका कारण तपाईंका बच्चाले निम्नलिखित कुरा जारी राख्छः

   (क) IEP मा तोकिएको लक्ष्य हासिल गर्नेतर्फ प्रगति गर्न र नियमित पाठ्यक्रममा सहभागी हुने कार्यलाई जारी राख्न बच्चालाई सक्षम बनाउनका लागि विद्यालय प्रणालीले, यद्यपि अन्य कुनै परिवेशमा होस, बच्चाको शैक्षिक सेवा प्राप्त गर्न, र

(ख) फेरी पनि पुनरावृति नहोस् भनी व्यवहार उल्लंघनलाई सम्बोधन गर्न बनाइएका उचित व्यवहार हस्तक्षेप सेवाहरू वा FBA प्राप्त गर्ने ।

5. राज्य वा विद्यालय प्रणालीले अन्यथा सहमति नगरेको अवस्थामा बाहेक अन्तरिम वैकल्पिक शैक्षिक परिवेश वा अभिव्यक्तिको निर्धारणलाई चुनौती दिन अनुच्छेद (1) (बी) वा अनुच्छेद (3) मा उल्लेख गरिएको अनुशासनात्मक कारवाहीका सम्बन्धमा तपाईंले अग्राधिकारसहितको सम्यक प्रक्रिया सुनुवाइका लागि अनुरोध गर्नुभएको छ भने ALJ/सुनुवाइ गर्ने अधिकारीको निर्णय विचाराधिन भएको बेला वा अनुच्छेद (1) (बी) वा अनुच्छेद (3) मा तोकिएको म्यादको समाप्ति नभएसम्म वा दुईमध्ये पहिले जे भए पनि तपाईंको बच्चा अन्तरिम वैकल्पिक शैक्षिक परिवेशमा राखिनेछ । यस्तो अग्राधिकार दिईएको सम्यक प्रक्रियाको सुनुवाइ उक्त सुनुवाइ अनुरोध गरिएको 20 विद्यालय दिनभित्र गरिनुपर्छ र सुनुवाइपछि 10 दिनभित्र कुनै नतीजाको निर्धारण गर्नुपर्छ । सुनुवाइ अनुरोध गरिएको 7 दिनभित्र समाधान सत्रको बैठक आयोजित हुनुपर्छ र सुनुवाइका लागि अनुरोध प्राप्त भएको 15 दिनभित्र दुवै पक्ष सन्तुष्ट हुने गरी मामिला हल भएन भने सुनुवाइ चालू गरिन्छ । अग्राधिकारप्राप्त सम्यक प्रक्रिया सुनुवाइको निर्णयमा पुनरावेदन लाग्छ ।

6. यदि कुनै बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाका लागि योग्य भनी निर्धारण गरिएको छैन र उक्त बच्चाले विद्यार्थीको आचारसंहिता उल्लंघन गर्छ तर त्यस्तो व्यवहार प्रदर्शित हुनुभन्दा पहिले नै उक्त बच्चा अपाङ्गता भएको बच्चा हो भन्ने विद्यालय प्रणालीलाई थाहा थियो भने उक्त बच्चाले यस जानकारीमूलक सामग्रीमा विवरित संरक्षणहरूका लागि माग दावी गर्न सक्छ ।

(क) उक्त बच्चा अपाङ्गता भएको बच्चा हो भन्ने विद्यालय प्रणालीलाई थाहा भएको मानिन्छ यदिः

1. निरीक्षण वा प्रशासकीय अधिकारी वा बच्चाको शिक्षकसँग बच्चालाई विशेष सेवा र सम्बन्धित सुविधाको आवश्यकता छ भनी बच्चाका माता-पिताले लिखितरूपमा चिन्ता जाहेर गरेकोमा;

2. IDEA अन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाका लागि योग्यतासम्बन्धी मूल्याङ्कनका लागि माता-पिताले अनुरोध गरेको; वा

3. बच्चाले देखाएको व्यवहारको प्रवृतिबारे बच्चाको शिक्षक वा विद्यालय प्रणालीका अन्य कर्मचारीले सीधै विद्यालय प्रणालीका निर्देशक वा विद्यालय प्रणालीका अन्य निरीक्षकीय अधिकारीसमक्ष विशेष सरोकार व्यक्त गरेमा ।

(ख) विद्यालय प्रणालीलाई केही थाहा नभएको मानिनेछ यदिः

1. बच्चाका माता-पिताले बच्चाको मूल्याङ्कन गर्न अनुमति दिएका छैनन्, विशेष शिक्षा र सम्बन्धित सेवालाई इन्कार गरेका छन् वा विशेष शिक्षा र सम्बधित सेवा प्रदान गर्ने सहमति तोडेका छन् ।

2. IDEA अन्तर्गतको सेवा प्राप्त गर्न योग्य अपाङ्गता भएको बच्चा हैन पनि निर्धारित र मूल्याङ्कन गरिएको ।

यदि तपाईंलाई कुनै पनि उल्लेखित अधिकारहरूबारे थप जानकारी चाहिएमा, तपाईंले निम्नलिखित व्यक्ति वा संस्थालाई सहयोगका लागि सम्पर्क गर्न सक्नुहुन्छः

1. तपाईंको स्थानीय विद्यालय प्रणालीका लागि विशेष शिक्षा निर्देशक;

2. Suite 1870, Twin Towers East, Atlanta, Georgia 30334-5010 मा अवस्थित The Division for Special Education Supports and Services at the Georgia Department of Education. टेलिफोन नं. (404) 656-3963; र

3. Regional Georgia Learning Resource System (GLRS) Centers. यिनीहरूको सम्पर्क जानकारीका लागि हेर्नुहोस् http://www.gadoe.org/Curriculum-Instruction-and-Assessment/Special-Education-Services/Pages/Georgia-Learning-Resources-System.aspx ।

विशेष शिक्षाका नियमहरू जर्जिया डिपार्टमेन्ट अफ एजुकेशनको वेबसाइटमा राखिएको छः http://www.gadoe.org/Curriculum-Instruction-and-Assessment/Special-Education-Services/Pages/Special-Education-Rules.aspx ।

## विशेष शिक्षा कानूनी सहायता प्रदायकहरू

Georgia Legal Services Program
PRO BONO PROJECT OF THE STATE BAR OF GEORGIA
State Bar Headquarters
104 Marietta Street, N.W., Suite 100
Atlanta, GA 30303
404-527-8762
1-800-334-6865

Atlanta Legal Aid Society
http://www.atlantalegala id.org/
Gwinnett Office: 678-376-4545

Georgia Advocacy Office
www.thegao.org/
150 E. Ponce de Leon
Avenue Suite 430
Decatur, Georgia 30030
404-885-1234
800-537-2329